# शैक्षिक जनशक्ति विकास केन्द्र
# समाचारपत्र
# National Centre for Educational Development
# NEWSLETTER

फोन नं. ६६३०७६६, ६६३८१५०, ६६३१२७६
फ्याक्सः ६६३१४८६

Website: http://www.nced.gov.np

वर्ष २० | अङ्क ५ | २०७३ चैत- २०७४ बैशाख | (March-May 2017)

## सम्पादकीय

शैक्षिक जनशक्ति विकास केन्द्रको प्रमुख उद्देश्य शिक्षा क्षेत्रको जनशक्ति तयार गरी विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न सहयोग पुर्‍याउनु रहेको छ । यस केन्द्रले शैक्षिक गुणस्तर कायम गर्न विभिन्न खालका अनुसन्धान एवम लामो तथा छोटो अवधिका तालिम, पाठ्यक्रम कार्यान्वयन गर्न सघाउने खालका तालिम तथा अभिमुखीकरण र शिक्षा क्षेत्रसँग सम्बन्धित जल्दाबल्दा मुद्दासँग सम्बन्धित तालिम अभिमुखीकरण सञ्चालन गरी उत्कृष्ट संस्थाको रूपमा आफूलाई विकास गर्ने प्रयासमा निरन्तर लागि रहेको छ । शिक्षामा सूचना प्रविधिलाई जोडेर सबैले शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरी आधुनिक शिक्षण सिकाइका तौर तरिका र पद्धतिमा विद्यार्थीहरूको पहुँच वृद्धि गर्न समेत केन्द्र प्रयासरत रहेको छ । यिनै विविध क्रियाकलापको अर्को श्रृङ्खलाको रूपमा समाचार पत्रको यो अङ्क प्रस्तुत गरिएको छ । यस अङ्कमा प्रमुख रूपमा शैक्षिक जनशक्ति विकास केन्द्रमा लामो समय सम्म काम गर्ने कर्मचारीको विदाइ, Education 2030: in Federal Nepal विषयक एक दिने गोष्ठिको विषय, प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिमको नयाँ पाठ्यक्रम, आर्थिक वर्ष २०७३/०७४ मा भर्चुअल कक्षा सञ्चालनका लागि छनोट भएका जिल्ला र विद्यालयको विवरण र भर्चुअल कक्षा सम्बन्धी जानकारीजस्ता विषयहरू प्रस्तुत गरिएको छ । आगामी अङ्कमा सुधार गरी पठनीय बनाउनका लागि यहाँहरूको सुझावको अपेक्षा गर्दछौं ।

**सल्लाहकार**
देवकुमारी गुरागाईं
खगेन्द्रप्रसाद नेपाल

**सम्पादन**
रेनुका पाण्डे भुसाल
बोधकुमार खनाल
शङ्कर अधिकारी
नवीनकुमार खड्का
सरस्वती भट्टराई लुईंटेल

**फोटोग्राफर**
जीना लामा

## यस भित्र

- अनलाइन तालिम सञ्चालनका लागि प्रशिक्षक तथा सहजकर्ता अभिमुखीकरण कार्यक्रम
- Education 2030 : in federal Nepal विषयक कार्यशालामा सहभागिता
- प्रधानाध्यापक नेतृत्त्व क्षमता विकास तालिमसम्बन्धी नयाँ पाठ्यक्रम स्वीकृत
- भर्चुअल कक्षा सञ्चालनको लागि थप विद्यालय छनोट
- विदाई कार्यक्रम
- भर्चुअल कक्षा सञ्चालनसम्बन्धी कार्यतालिका

## अनलाइन तालिम सञ्चालनका लागि प्रशिक्षक तथा सहजकर्ता अभिमुखीकरण कार्यक्रम

आजको सन्दर्भमा शिक्षामा सूचना तथा प्रविधिको प्रयोग एक ज्वलन्त आवश्यकता र समयको माग हो भने अर्को तर्फ कार्यक्षमता तथा कार्यसम्पादन सुधार पेसागत विकासको अर्को महत्त्वपूर्ण पक्ष हो । यसैगरी शिक्षक पेसागत विकासलाई सिकारूमैत्री र प्रविधिमैत्री बनाउनु आजको आवश्यकता पनि हो । यसको लागि अनलाइन प्रकृतिका कोर्स विकास तथा तालिम संचालन हुन सकेमा सोवाट अफ बढी प्रशिक्षक तथा शिक्षकहरूसम्म पुग्न सक्ने र उनीहरूको पेसागत दक्षतामा अभिवृद्धि गर्न सकिन्छ । अतः यसै आर्थिक वर्षदेखि शैक्षिक जनशक्ति विकास केन्द्रले यस केन्द्र र अन्तर्गतका जनशक्ति तथा शिक्षकहरूका लागि अनलाइन विधिवाट कार्यसम्पादन सुधार तथा पेसागत विकास गर्ने उद्देश्यले अनलाइन तालिम संचालन गर्ने कार्यक्रम राखेको छ ।





(तालिम कक्षमा सहभागीहरू)

यसका लागि शैक्षिक जनशक्ति विकास केन्द्रबाट विशेषतः प्रशिक्षक तथा शिक्षकहरूको पेसागत क्षमता विकास गर्नका लागि छुट्टा छुट्टै कोर्स विकास गरिएको छ । प्रशिक्षकहरूका लागि प्रशिक्षणसम्बन्धी आधारभूत ज्ञान प्रदान गर्ने हेतुले Fundamentals of Training and Facilitation र शिक्षकहरूका सन्दर्भमा कक्षा ११ र १२ कक्षा अध्यापन गराउने non education background का शिक्षकहरूलाई समेट्ने गरी Fundamentals of Instructional Pedagogy गरी २ वटा कोर्सको विकास गरिएको छ । यसरी विकसित कोर्सका आधारमा अनलाइन सामग्री विकास भई तालिम संचालन गर्ने प्रयोजनका लागि सहजकर्ता तथा प्रशिक्षकहरूका लागि ५ दिने अभिमुखीकरण तालिम मिति २०७३/१२/२७ देखि मिति २०७३/१२/३१ सम्म यस शैक्षिक जनशक्ति विकास केन्द्रमा संचालन गरियो । सो अभिमुखीकरणमा यस केन्द्रका अलावा शैक्षिक तालिम केन्द्रका संभाव्य प्रशिक्षकहरूको समेत सहभागिता थियो । Online तालिम संचालनमा निर्वाह गर्नुपर्ने विविध भूमिकाहरूका सन्दर्भमा परिचित एवम अभ्यास गराउन सो कार्यक्रम सञ्चालन गरिएको थियो । आगामी दिनमा सहभागीहरू छनौट गरी तालिम संचालन गर्ने समयमा उहाँहरूले तालिम कोर्सहरूको सहजीकरण एवम मूल्याङ्कन गर्नुहुने अपेक्षा गरिएको छ ।

## Education 2030 : in federal Nepal विषयक कार्यशालामा सहभागिता

नेपालको वर्तमान संविधानमा भएको व्यवस्था अनुरूप संघीय संरचनाको ढाँचा भित्र आफ्नो नयाँ स्वरूप र जिम्मेवारीका लागि विषय/क्षेत्रगत मन्त्रालय, निकाय तथा सचिवालय लगायतले हाल निकै छलफल तथा सुझाव संकलन गर्ने काम भइरहेको छ । यस्तै अभ्यास शिक्षा मन्त्रालय तथा सबै निकायहरूमा पनि हुने गरेको छ । यस्तै चासोबिच युनेस्कोको निमित्त राष्ट्रिय आयोगको सचिवालयले पनि सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधि आमन्त्रण गरी यही वैशाख ७ गते Education 2030 : in federal Nepal विषयमा एक दिने कार्यशाला आयोजना गरेको थियो । सचिवालयले सो कार्यशालामा यस केन्द्रका अनुगमन शाखा, शिक्षक तालिम शाखा (समाहित), अनुसन्धान तथा गुणस्तर निर्धारण शाखा तथा शैक्षिक सूचना तथा निरन्तर शिक्षा शाखा तोकी आमन्त्रण गरिएकाले यस केन्द्रबाट सोही बमोजिम सहभागिता जनाइएको थियो । उक्त कार्यशालामा खास गरी ३ वटा विषयलाई समेटेर तयार गरिएका कार्यपत्रहरू प्रस्तुत तथा त्यसमा छलफल गरिएको थियो ।




*(कार्यशालाका झलकहरू)*

औपचारिक रूपमा सञ्चालन गरिएको उक्त कार्यशालामा पहिलो कार्यपत्र प्रस्तोता डा. सुसन आचार्यले Inclusive Education in federal Nepal विषयलाई समेटेर प्रस्तुतीकरण गर्नु भएको थियो । पहिले अपाङ्गतालाई मात्र समाहित भनी सम्बोधन गर्ने प्रयास गरिएको भएता पनि यसको क्षेत्र व्यापक भएको भन्दै गरिबी, लैंगिकता, भूगोल, भाषा, जात, धर्म लगायत विविध अपाङ्गता जस्ता कुरालाई पनि समेट्नु पर्ने कुरा बताउनु भयो । यसैगरी उहाँले विविधता व्यवस्थापन गर्नु भनेको समावेशिताको लागि पहल हो भन्नु भयो । धेरै दसक देखिका प्रयासबाट पनि हामी समाहित शिक्षा सम्प्रेसण गर्न नसकिरहेको अवस्थामा संघियतामा यो विषय अझ वेवारिसे हुने चुनौती रहेको चिन्ता उहाँले व्यक्त गर्नुभयो । यसैगरी उहाँले समावेशीको लागि समाहितको सम्बन्धित पक्ष जस्तै जातको कुरा गर्‍यो भने त्यो भित्र पनि अझ विभेद र असमावेशी भएकोले त्यो पक्षलाई मसिनो पाराले हेर्नुपर्ने कुरा बताउनु भयो । प्रस्तुतिको अन्त्य गर्दै उहाँले सबै स्थानीय निकाय आर्थिक रूपमा सबल र सक्षम नहुन सक्ने भएको र नयाँ संरचना बनाउदै जाँदा राज्यको अधिक खर्च हुन सक्ने भएकोले समावेशिताको लागि संघ प्रदेशहरूले पनि बजेट विनियोजन गर्नु पर्ने र` वित्तीय बाहेक अन्य कुराहरूको पनि व्यवस्था गर्नुपर्ने कुरा बताउनु भयो । उहाँको कार्यपत्रमा प्राध्यापक प्रमिला राजभण्डारीले टिप्पणी गर्दै समग्रमा कार्यपत्रमा असाध्यै राम्रा कुराहरू रहेको बताउदै यसमा दिगो विकासको लक्ष्य नं. ४ (SDG 4) लाई आधार मानेर र हालसम्म विद्यालय क्षेत्र विकास योजना (SSDP) लगायत विभिन्न चरणमा समावेश गरिएको कुरा र हालसम्म हासिल भएका कुराहरू पनि समावेश गर्दा अझ राम्रो हुने धारणा राख्नु भयो ।

सोही कार्यक्रममा प्रा.डा. बासुदेव काफ्लेले Quality of Education : Everyone's vision विषयमा दोस्रो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । आफ्नो कार्यपत्र प्रस्तुतिका क्रममा प्रा.डा.काफ्लेले गुणस्तरको सम्बन्धमा विश्वलाई मान्य हुने कुनै परिभाषा हालसम्म नभएको र यसलाई समय र सन्दर्भ (contextual) अनुरूप परिभाषित गर्ने गरिन्छ भन्दै यसमा अपेक्षित परिणाम पाउन कस्तो साधन र प्रकृया अवलम्वन गरिएको छ त्यहीअनुसारको गुणस्तर प्राप्त गरिने कुरा उहाँले बताउनु भयो । विद्यार्थीको मनोसामाजिक संतुष्टिले पनि गुणस्तरको अवस्था थाहा हुन्छ । त्यसैले गुणस्तरका लागि Requirment, Process, relevency र Governance को आवश्यकता पर्ने कुरामा उहाँले जोड दिनुभयो । अब Mind management Technic आवश्यक भएको भन्दै हाम्रा विद्यालयहरूमा मूल्य थप गर्न जरुरी रहेको विचार उहाँले व्यक्त गर्नुभयो । उहाँको कार्यपत्रमाथि टिप्पणीकर्ताका रूपमा डा.तुलसीप्रसाद थपलियाले गहन विषयवस्तु र प्रस्तुतिको लागि धन्यवाद दिंदै अबको दिनमा गुणस्तरीयताको लागि प्रत्येक काम गर्ने उत्तम तरिका पहिले पत्ता लगाउने, त्यसलाई कार्यान्वयन गर्ने र प्रभावकारी अनुगमन गर्नुपर्ने कुरामा जोड दिंदै अब कार्यान्वयन र सँगसँगै सुधार गर्दै जानुपर्ने कुरामा जोड दिनुभयो ।

कार्यक्रममा प्रा.डा.टंकनाथ शर्माले Life-long learning in federal Nepal विषयमा तेस्रो कार्यपत्र प्रस्तुत गर्दै औपचारिक शिक्षाको माध्यमबाट मात्र शिक्षा पाउने सबैको अधिकार सुनिश्चित हुन सक्दैन भन्दै देशको करिब ५७ प्रतिशत जनसंख्या काम गर्न सक्षम भएकोले त्यो समूहलाई क्रियाशील गराउन, उत्पादकत्त्व बढाउन तथा देशमा अन्य असामाजिक द्वन्द निम्त्याउन नदिन यो समूहलाई कामको संसार आवश्यक पर्ने कुरामा जोड दिनुभयो । त्यसैले उनीहरूलाई महत्त्व दिने, पहिचान दिने, उनीहरूको सिप कौशल क्षमताको प्रमाणीकरण गर्ने, समकक्षता प्रदान गर्दैमाथि जाने बाटो खुला गर्न Life long Education ले मदत गर्ने कुरा बताउनु भयो । उहाँको कार्यपत्रलाई शिक्षा मन्त्रालयका सह सचिव श्री बैकुण्ठप्रसाद अर्यालले टिप्पणी गर्नु भएको थियो ।

युनेस्को सचिवालय समितिका अध्यक्ष प्रा. डा. टंकनाथ शर्माको अध्यक्षतामा सञ्चालित उक्त कार्यशाला सचिवालयका सहायक महा-सचिव डा. कमलेश्वर कुमार सिन्हाको उपस्थितिमा सचिवालय सचिव श्री चन्द्रकान्त भुसालले सञ्चालन गर्नु भएको थियो । प्रस्तुत कार्यक्रमले संघीयतामा शिक्षाका ३ महत्त्वपूर्ण विषयवस्तु बारे छलफल भएता पनि स्पष्ट दिशा निर्देश गर्न थप छलफल आवश्यक पर्ने कुरा महसुस गरिएको थियो ।

## प्रधानाध्यापक नेतृत्त्व क्षमता विकास तालिमसम्बन्धी नयाँ पाठ्यक्रम स्वीकृत

विद्यालयहरूमा समयसापेक्ष आधुनिक नेतृत्व रूपान्तरण गर्न आवश्यक ठानिएकाले शैक्षिक जनशक्ति विकास केन्द्रले विद्यालयका प्रधानाध्यापकहरूका लागि नेतृत्त्व क्षमता विकास तालिम सम्बन्धि नयाँ पाठ्यक्रम निर्माण गरेको छ । शैक्षिक जनशक्ति विकास परिषद्बाट मिति २०७३ फागुन १२ गते स्वीकृत तालिम पाठ्यक्रमबमोजिम अब १ महिने प्र.अ. तालिम २ चरणमा सञ्चालन गरिने छ । जस अनुरूप पहिलो चरणको १५ दिन (१० दिन तालिम कार्यशाला र ५ दिन स्वाध्यान अभ्यास) का लागि समष्टिगत सिप विकास मोड्युलमा

तालिम सञ्चालन हुनेछ भने दोस्रो चरणको १५ दिने तालिम कार्यमूलक सिप विकास मोड्युलमा सञ्चालन गरिने छ ।

प्रस्तुत नयाँ पाठ्यक्रमअनुसार प्र.अ. नेतृत्त्व क्षमता विकास तालिमको लक्ष्य तथा उद्देश्य यस प्रकार रहेका छन् :

- शैक्षणिक नेतृत्त्वका प्रभावकारी व्यवहार संरचना तथा सिप विकास गर्ने ।
- विद्यालय सञ्चालनका निमित्त समग्र व्यवस्थापकीय कार्य सम्पादन सिप विकास गर्ने ।
- पेसागत जवाफदेहिता बढोत्तरीका निमित्त विविध तौरतरिका एवम् सिप प्रदान गर्ने ।
- विद्यालयलाई उत्कृष्ट प्राज्ञिक थलो तुल्याउन पर्याप्त स्रोत साधन पहिचान र परिचालन गर्ने सिप विकास गर्ने ।

यसैगरी प्रस्तुत पाठ्यक्रम कार्यान्वयनबाट प्रधानाध्यापकहरूमा (प्रशिक्षार्थीहरूमा करीब २३ वटा सक्षमता विकास गर्ने लक्ष्य पनि राखेको छ । सो पाठ्यक्रम निम्न बमोजिम रहेको छ :

## क. तालिम पाठ्यक्रम

तालिमका निर्धारित उद्देश्य, सक्षमता तथा संरचनासँग अनुकूल विषय समेटी पाठ्यक्रमको ढाँचामा विषयवस्तु र खुद तालिम घण्टा संयोजन गरिएको छ ।

**प्रथम चरण**

| क्र.सं. | विषय क्षेत्र | विषयवस्तु | भार(सत्र) |
|---|---|---|---|
| १ | नेतृत्त्व विकास | ▪ विद्यालयमा उपयोगी नेतृत्त्वका सिद्धान्त, व्यवहार, शैली र कार्य (शैक्षणिक (instructional), रूपान्तरित (trnasformative), विनिमय (transactional), अन्तरक्रियात्मक (interactive) र समावेशी (inclusive)) संश्लेषण तथा वर्गीकृत कार्यसूची ।<br>▪ विद्यालय परिवेशमा व्यवस्थापनका मुख्य कार्य (योजना, संगठन, जनशक्ति व्यवस्था, निर्देशन, नियन्त्रण र स्रोत प्रबन्ध) समीक्षा तथा प्रअका व्यवस्थापकीय कार्यसूची ।<br>▪ विद्यालयमा व्यवस्थापकीय सिप (नीतिगत (coceptual), मानवीय (human), प्राविधिक (technical)) प्रदर्शनका तौरतरिका ।<br>▪ विद्यालय सञ्चालनमा अत्यावश्यक व्यवस्थापकीय भूमिका (अन्तरवैयक्तिक (interpersonal), सूचना प्रवाह (informational), तथा निर्णयन (decisional)) विश्लेषण ।<br>▪ विद्यालयमा व्यवस्थापनका समसामयिक आयाम (विविधता व्यवस्थापन, विपद् व्यवस्थापन, द्वन्द्व व्यवस्थापन, स्वःव्यवस्थापन, गुनासो व्यवस्थापन आदि) का अन्तरनिहित मर्ममा आधारित प्रअका लागि जरूरी कार्यसूची ।<br>▪ विद्यालय व्यवस्थापनका सान्दर्भिक कानुनी प्रावधान समीक्षा (विद्यालय व्यवस्थापनका मोडेल, संविधान, ऐन, नियम, निर्देशिका आदि) ।<br>▪ शिक्षासम्बन्धी अन्तरराष्ट्रिय प्रतिवद्धता, राष्ट्रिय नीति तथा योजनका व्यवस्था लेखाजोखा, दिगो विकासका लक्ष्य (SDG 2016-2030), विद्यालय क्षेत्र विकास योजना (SSDP 2016-2023), आवधिक योजना र वार्षिक बजेट वक्तव्य ।<br>▪ स्थानीय शिक्षा योजनाका रूपमा विद्यालय सुधार योजना तर्जुमा तथा कार्यान्वयन ढाँचा । | ७ |
| २ | आर्थिक व्यवस्था | ▪ विद्यालय शिक्षामा लगानीका सैद्धान्तिक मान्यता र शैली (मोडालिटी) विश्लेषण ।<br>▪ आर्थिक ऐन, नियम, निर्देशिका, कार्यविधि र कार्यक्रम कार्यान्वयन पुस्तिकाका सान्दर्भिक प्रावधान विश्लेषण ।<br>▪ बजेट तर्जुमा, लेखापालन, लेखा परीक्षण तथा सामाजिक परीक्षण सञ्चालन कार्यविधि ।<br>▪ विद्यालय विकासका लागि दिगो स्रोत पहिचान र परिचालन<br>▪ आर्थिक पारदर्शिता र जवाफदेहिताका तौरतरिका | ४ |
| ३ | शैक्षणिक प्रबन्ध | ▪ विद्यालय तहको पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको प्रयोग र विश्लेषण ।<br>▪ शैक्षणिक योजना तर्जुमा : वार्षिक, एकाइ र दैनिक<br>▪ विद्यार्थी मूल्याङ्कनका साधन : परीक्षा सञ्चालन, नतिजा विश्लेषण र उपयोग<br>▪ शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि (ICT) प्रयोगका कार्यविधि<br>▪ भर्चुअल शिक्षण सिकाइ (Virtual teaching learning) प्रक्रिया र सुविधा उपयोग ।<br>▪ विद्यार्थी परामर्श सञ्चालन तथा संयन्त्र व्यवस्थापन । | ७ |
| ४ | प्रशासन सुव्यवस्था | ▪ शिक्षक तथा कर्मचारी परिचालन र नियन्त्रण (कार्य विवरण, क्षमता विकास, उत्प्रेरणा, कार्य सम्पादन मूल्याङ्कन, दण्ड र पुरस्कार) ।<br>▪ भौतिक एवम् शैक्षिक सुविधाको सदुपयोग तथा सुदृढीकरण रणनीति ।<br>▪ शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) तथा भौतिक अभिलेख व्यवस्थापन तथा प्रयोग ।<br>▪ शिक्षक र विद्यार्थी आचारसंहिता पालनका विविध संयन्त्र<br>▪ सहकार्य तथा नेटवर्किङ कार्यविधि (समुदाय, सरकारी तथा गैरसरकारी निकाय) | ६ |
| ५ | अनुसन्धान तथा विकास | ▪ अनुसन्धानका प्रकार तथा सुधार एवम् प्रवर्तनका लागि यसको महत्त्व<br>▪ कार्यमूलक अनुसन्धानको प्रक्रिया, सञ्चालन र उपयोग<br>▪ विद्यालय विकास प्रस्ताव निर्माण<br>▪ एकाइ संगठनका रूपमा विद्यालय विकास तथा सञ्चालन विधि<br>▪ विद्यालयमा ज्ञान व्यवस्थापनका मान्यता तथा अनुसरण प्रक्रिया<br>▪ निरन्तर पेसागत विकास तथा सिकाइका विविध स्कीम | ३ |
| ६ | विविध | ▪ परियोजना कार्यको अभिमुखीकरण<br>▪ नाम दर्ता, उद्घाटन र तालिम परिचय<br>▪ तालिम परीक्षा सञ्चालन | ३ |
| | | **जम्मा** | ३० |

**दोस्रो चरण**

| क्र.सं. | विषय क्षेत्र | विषयवस्तु | भार(सत्र) |
|---|---|---|---|
| १ | विद्यालय सुधार योजना | ▪ विद्यालय सुधार योजना : सहयोगी पुस्तिका २०७१ अनुसार योजना दस्तावेज मस्यौदा तयारी<br>▪ विद्यालय सुधार योजना दस्तावेजको मूल्याङ्कन (appraisal) | ३ |

| | | | |
|---|---|---|---|
| २ | विद्यार्थी मूल्यांकन प्रणाली | ▪ निरन्तर विद्यार्थी मूल्यांकन निर्देशिका, २०६९ (प्राथमिक तथा आधारभूत तह) द्वारा निर्धारित सूचकको प्रयोग तथा सिकाइ उपलब्धिको विश्लेषण<br>▪ अक्षराङ्कन पद्धति निर्देशिका, २०७१ (संशोधन सहित) अनुसारका मापदण्डका आधारमा सिकाइ उपलब्धिको विश्लेषण<br>▪ मूल्याङ्कनका साधन (विशिष्टीकरण तालिका समीक्षा, प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण आदि) निर्माण र प्रयोग | ३ |
| ३ | स्थानीय पाठ्यक्रम | ▪ स्थानीय पाठ्यक्रम प्रारूप, २०७१ द्वारा निर्दिष्ट सिद्धान्त र ढाँचाका आधारमा पाठ्यक्रम मस्यौदा तयारी | ३ |
| ४ | बालमैत्री विद्यालय | ▪ गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७ अनुसारका मापदण्ड पूरा गर्न बालमैत्री विद्यालय योजना मस्यौदा तयारी | ३ |
| ५ | विद्यालय सुपरीवेक्षण | ▪ विद्यालय सुपरीवेक्षणका तरिका, कार्य र महत्त्व<br>▪ विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिबाट विद्यालय सुपरीवेक्षण एवम् प्राविधिक सहायतका लागि अपेक्षित विषयसूची (Demand) निर्माण<br>▪ विद्यालय सुपरीवेक्षणमा प्रअ, विव्यस र शिक्षक अभिभावक संघको कार्यसूची (Terms of reference) तयारी<br>▪ विषयगत सिकाइ उपलब्धि पहिचान र आवश्यक सहयोग संयन्त्र निर्माण । | ३ |
| ६ | अतिरिक्त कार्यकलाप व्यवस्थापन | ▪ विद्यार्थीको सर्वाङ्गीण विकासमा अतिरिक्त कार्यकलापको योगदानको विश्लेषण<br>▪ मौजुदा शिक्षा नियमावली र पाठ्यक्रमले निर्धारण गरेका विभिन्न अतिरिक्त कार्यकलाप सञ्चालन गर्ने कार्ययोजना निर्माण<br>▪ अतिरिक्त कार्यकलाप व्यवस्थापनका लागि आवश्यक स्रोत पहिचान र परिचालनको खाका तयारी<br>▪ सहकार्यकलापबाट विश्वास र सम्बन्ध विस्तार योजना | ३ |
| ७ | प्रशासनिक सदाचार तथा नैतिक आचरण | ▪ मौजुदा कानुनमा व्यवस्था भएका पेसागत नैतिक दायित्त्व तथा मानव मूल्य मान्यताको विश्लेषण<br>▪ सान्दर्भिक व्यक्तित्त्वको योगदान र आचरण समीक्षा<br>▪ प्रेरक व्यक्तितत्वको योगदान र आचरण समीक्षा<br>▪ नैतिक मूल्य र आध्यात्मिक दर्शनको मर्म अनुकूल आचरण रूपान्तरणको कार्ययोजना तयार | ३ |
| ८ | अनुगमन तथा जवाफदेहीता | ▪ विद्यालय अनुगमन तथा स्वःमूल्याङ्कनको साधन निर्माण<br>▪ अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको खाका तयार<br>▪ प्रअका पेसागत र सार्वजनिक जवाफदेहिताका प्रक्रिया तथा तौरतरिका एवम् संयन्त्र - सामाजिक परीक्षण, सेवाग्राही सन्तुष्टि सर्वेक्षण (Client satisfaction survey) | ३ |
| ९ | विद्यालय व्यवस्थापनका सामयिक प्रवृत्ति | ▪ विद्यालय सञ्चालनमा समसामयिक मान्यताको मुल मर्म (Essence) एकीकरण - लैंगिक समता तथा समानता, अधिकारमा आधारित शिक्षा, जीवनोपयोगी सिप, बहुभाषिक शिक्षा, दूर तथा खुला सिकाइ, शान्ति शिक्षा, प्रारम्भिक पठन सिप (Early grade reading skill) विकास, बहुकक्षा बहुस्तर शिक्षा, व्यवहार कुशल सिप (Soft skills) दुर्व्यसन नियन्त्रण र सामाजिक विकृति व्यवस्थापन | ३ |
| १० | विविध | ▪ परियोजना कार्यको अभिमुखीकरण<br>▪ नाम दर्ता, उद्घाटन र तालिम परिचय<br>▪ तालिम परीक्षा सञ्चालन | ३ |
| | | **जम्मा** | **३०** |

*नोट : एउटा सत्र एक घण्टा तीस मिनेटको हुनेछ ।*

## ख. तालिम कार्यान्वयन कार्यविधि

अ. यो आधारभूत तथा माध्यमिक दूवै तहका प्रअका लागि एकीकृत तालिम पाठ्यक्रम हो । सबै तालिम अप्राप्त सामुदायिक र संस्थागत साधारण विद्यालयका प्रअ यस तालिमका लक्षित समूह हुनेछन् ।

आ. सबै प्रकारका विद्यालयमा प्रअका लागि यो साझा तालिम पाठ्यक्रम हुनेछ । तथापि सामुदायिक विद्यालय, नमुना विद्यालय, धार्मिक प्रकृतिका विद्यालय, प्राविधिक धारका विद्यालय तथा संस्थागत विद्यालयका प्रअको विशिष्ट आवश्यकतालाई सम्बोधन गर्न अलग अलग तालिम प्याकेज प्रयोग गरिने छ ।

इ. तालिमको प्रत्येक चरणको अन्तमा शिक्षक पेसागत विकास प्रारूप, २०७२ अनुसार परीक्षा सञ्चालन तथा प्रमाणीकरण गरिने छ । प्रत्येक चरणको अन्तमा सम्बन्धित शैक्षिक तालिम केन्द्रबाट चरणगत प्रमाणपत्र प्रदान गरिने छ र दूवै चरण पूरा भएपछि शैक्षिक जनशक्ति विकास केन्द्रबाट एकीकृत प्रमाणपत्र जारी गरिने छ ।

ई. दूवै चरणको दोस्रो स्वाध्ययन अभ्यास खण्डका लागि तोकिएको परियोजना कार्य सम्पादन गर्ने दौरान सन्दर्भ सामग्री अध्ययन, विज्ञसँगको परामर्श तथा प्रतिवेदन लेखन गर्नु मूलतः प्रत्येक प्रशिक्षार्थीको निजी दायित्व हुने छ । यस कार्यका लागि प्रशिक्षार्थीलाई आवश्यक परेमा इमेल वा फोनमार्फत अथवा प्रत्यक्ष भेट गरी सम्बन्धित प्रशिक्षकबाट मार्गदर्शन प्राप्त गर्ने सुविधा उपलब्ध हुने छ । प्रत्येक चरणको दोस्रो खण्ड पूरा नगर्ने प्रशिक्षार्थी भविष्यमा कुनै पनि प्रकारको तालिमका लागि योग्य हुनेछैन ।

उ. तालिम सहजीकरण गर्दा देहाय अनुसारका न्यूनतम मापदण्ड पूरा गर्नुपर्ने छ :

- सामान्यतया शैक्षिक तालिम केन्द्रका विज्ञ प्रशिक्षकबाट तालिम सेसन सञ्चालन गरिने छ । विषयको प्रकृति अनुसार आफ्नो कार्यक्षेत्रमा सफल व्यवस्थापक एवम् उद्यमी जस्तै : वरिष्ठ प्रअ, शिक्षाकर्मी, गैससकर्मी, उद्योग प्रतिष्ठानका पदाधिकारी लगायतलाई प्रशिक्षक बनाउन सकिने छ ।
- सूचना तथा सञ्चार प्रविधि तथा सान्दर्भिक तालिम सामग्री प्रयोग गर्दै छलफल, अन्तरक्रिया, अनुभव, घटना वा मामला अध्ययन, समूह कार्य तथा प्रस्तुति, नेतृत्वका सफल अभ्यास, स्थलगत भ्रमण लगायतका विधिको अवलम्बन गरिने छ ।
- तालिमका क्रममा तोकिएको तालिम प्याकेज लगायतका सन्दर्भ सामग्री प्रत्येक सहभागीलाई वितरण गरिने छ ।

ऊ. तालिम सम्पन्न गरेपछि प्रशिक्षार्थीको उपलब्धि मूल्याङ्कन गर्न दूवै चरणमा देहायअनुसारका मूल्याङ्कन अंगगत अंकभार अनुसरण गर्नुपर्ने छ :

| क्र.सं. | मूल्याङ्कनका अंग | अंक |
|---|---|---|
| १ | नियमितता, सहभागिता र सक्रियता | ५ |
| २ | सिर्जनात्मक तथा प्रवर्तनात्मक कार्य | १० |
| ३ | लिखित परीक्षा | २५ |
| ४ | स्वाध्ययन अभ्यास अन्तर्गत ४ ओटा परियोजना कार्य (४×२.५) | १० |
| | **जम्मा** | **५०** |

**ग्रेडिङ पद्धति**

- ९० प्रतिशत र सो भन्दा माथि : विशिष्टतासहित प्रथम श्रेणी
- ८० प्रतिशत र सो भन्दा माथि : प्रथम श्रेणी
- ६५ प्रतिशत र सो भन्दा माथि : द्वितीय श्रेणी

- ५० प्रतिशत र सो भन्दा माथि : तृतीय श्रेणी
- ५० प्रतिशतभन्दा तल : अनुत्तीर्ण

ए. लिखित परीक्षाका प्रश्नपत्र निर्माण गर्दा सबै विषयक्षेत्रगत विषयवस्तु समेटिने गरी देहाय अनुसारको ग्रीड अवलम्बन गर्नुपर्ने छ :

| क्र.सं. | प्रश्नको प्रकार | प्रश्न संख्या | प्रति प्रश्न अंकभार | पूर्णाङ्क |
|---|---|---|---|---|
| १ | बहुवैकल्पिक | १० | ०.५ | ५ |
| २ | संक्षिप्त उत्तरात्मक | ५ | ३ | १५ |
| ३ | समस्यामूलक | १ | ५ | ५ |
| जम्मा | | १६ | - | २५ |

## ग. परियोजना कार्य

प्रत्येक चरणको प्रथम तालिम कार्यशाला खण्ड सम्पन्न गरेपछि सञ्चालन गरिने दोस्रो स्वाध्ययन अभ्यास खण्डमा प्रत्येक प्रशिक्षार्थीले देहाय अनुसारको विशिष्टीकरण मापदण्ड बमोजिम परियोजना कार्य सम्पादन गर्नुपर्ने छ ।

### प्रथम चरणका लागि परियोजना कार्य विशिष्टीकरण मापदण्ड

यस चरणको दोस्रो खण्ड : स्वाध्ययन अभ्यासका लागि जम्मा ६ ओटा कार्यहरू निर्धारण गरिएको छ । त्यसमध्ये पहिलो कार्य अथवा विद्यालय विकास प्रस्ताव तर्जुमा अनिवार्य र अन्य ५ ओटा मध्ये कुनै ३ ओटा छनोट गरी जम्मा ४ ओटा परियोजना कार्यहरू सम्पादन गर्न सकिने छ । प्रत्येक परिरयोजनाको परिणामका (Output) रूपमा प्रत्येक प्रशिक्षार्थीले प्रतिवेदन स्वरूपको अलग अलग दस्तावेज शैक्षिक तालिम केन्द्रसमक्ष अनिवार्य रूपमा पेश गर्नुपर्ने तथा प्रशिक्षक समक्ष प्रस्तुतीकरण गर्नुपर्ने छ ।

१. विद्यालय विकास प्रस्ताव (School development plan) तर्जुमा
   - क. विद्यालय स्थापनाको पृष्ठभूमि
   - ख. विद्यालय समुदायको आर्थिक, सामाजिक, भाषिक तथा साँस्कृतिक विशेषता
   - ग. सबै कक्षाका विद्यार्थी तथ्याङ्क
   - घ. विगत ५ वर्षको कक्षा ५, कक्षा ८ र एसएलसी/एसईई को विद्यार्थी उपलब्धि विवरण
   - ङ. शिक्षकको योग्यता, तालिम तथा विज्ञताको क्षेत्र खुल्ने प्रोफाइल
   - च. विद्यालयमा मौजुदा आर्थिक स्रोत तथा भौतिक सुविधा विवरण
   - छ. विद्यालयको सबलता (Strength), कमजोरी (Weakness), चुनौती (Threats) तथा अवसर (Opportunity) जस्ता पक्षहरू समेटी SWOT analysis
   - ज. नेतृत्त्व क्षमता विकासका लागि तालिमका अपेक्षा सूची (Demand proposal)

२. विद्यालय शैक्षिक गुणस्तरको (Quality of Education) अवस्था लेखाजोखा
   - क. प्रअको नेतृत्त्व प्रयास
   - ख. उपलब्ध भौतिक तथा सिकाइ सुविधाको उपयोग
   - ग. शिक्षकको योग्यता, तालिम तथा कक्षा शिक्षणबिचको सम्बन्ध
   - घ. माध्यमिक तहका विद्यार्थीको विगत ५ वर्ष अवधिको विषयगत सिकाइ उपलब्धि तुलना
   - ङ. पाठ्यक्रम लगायत पाठ्य सामग्रीको उपलब्धता
   - च. मुख्य चुनौती र अवसर
   - छ. वर्तमान अवस्था सुधारका लागि सुझाव

३. विद्यालयमा बालबालिकाको पहुँच एवम् समताको (Acess and equity) अवस्था समीक्षा
   - क. सेवाक्षेत्र भित्रका विद्यालय उमेर समूहका बालबालिकाको जनसंख्या विश्लेषण
   - ख. विद्यार्थीबिच असमानता, भेदभाव तथा अवरोधका कारण र प्रभाव पहिचान
   - ग. विद्यालयका हालसम्मका प्रयास प्रोफाइल
   - घ. विद्यालय बाहिर (Out of school) रहेका बालबालिका भर्ना योजना खाका
   - ङ. विद्यालय सेवामा शत प्रतिशत विद्यार्थी भर्ना घोषणा तयारी योजना

४. समावेशी शिक्षण (Inclusive teaching learning) संयन्त्रको मूल्याङ्कन
   - क. विद्यार्थीको विविधिकृत सिकाइ आवश्यकता विश्लेषण
   - ख. सिकाइ आवश्यकतागत भौतिक तथा शैक्षणिक पूर्वाधार व्यवस्था
   - ग. शिक्षण तथा मूल्याङ्कनका लागि विविधतायुक्त अभ्यास
   - घ. अनुभव गरिएका समस्या
   - ङ. सुधारका लागि प्रस्तावित कार्यसूची

५. सम्बन्धित फिल्डको जीवन्त अनुभव अध्ययन (Internship)
   - क. सम्भव भएसम्म नजिकमा रहेका एउटा सामुदायिक र एउटा संस्थागत वा दुईओटै सामुदायिक माविको कम्तिमा ५ दिनसम्म स्थलगत अध्ययन - भौतिक, शैक्षणिक, नेतृत्त्व तथा विद्यार्थी उपलब्धिको विस्तृत तथ्याङ्क विश्लेषण
   - ख. मौजुदा स्रोत साधन परिचालन र विद्यार्थीको नतिजाबिच अन्तर सम्बन्ध
   - ग. अनुभव अध्ययनका आधारमा आफ्नो विद्यालयका लागि सान्दर्भिक सिकाइ सारांश
   - घ. आफ्नो विद्यालयबाट ती विद्यालयले सिक्न आवश्यक हुने अथवा हस्तान्तरण योग्य सिकाइ सारांश
   - ङ. आफ्नो सहित तीनओटै विद्यालयका साझा तथा विशिष्ट समस्या र अवसर
   - च. सुधारका लागि प्रस्तावित साझा कार्यसूची

६. स्रोत परिचालनको (Resource mobilization) अवस्था लेखाजोखा
   - क. विद्यालयका लागि समय, स्रोत आवश्यकता विश्लेषण
   - ख. मौजुदा आर्थिक, भौतिक तथा मानवीय स्रोत परिचालनका प्रयास
   - ग. आर्थिक सुशासन तथा जवाफदेहिता अभिवृद्धिका लागि जारी अभ्यास
   - घ. अनुभव गरिएका समस्या तथा अवसर
   - ङ. सुधारका लागि प्रस्तावित कार्यसूची

### दोस्रो चरणका लागि परियोजना कार्य विशिष्टीकरण मापदण्ड

यस चरणको दोस्रो खण्ड स्वाध्ययन अभ्यासका लागि जम्मा ६ ओटा कार्य निर्धारण गरिएको छ । त्यसमध्ये कुनै ४ ओटा छनोट गर्न सकिने छ । प्रत्येक परियोजनाको परिणाम (Output) का रूपमा प्रत्येक प्रशिक्षार्थीले प्रतिवेदन स्वरूपको अलग अलग दस्तावेज शैक्षिक तालिम केन्द्रसमक्ष अनिवार्य रूपमा पेश गर्नुपर्ने तथा प्रशिक्षक समक्ष प्रस्तुतीकरण गर्नुपर्ने छ ।

१. कार्यमूलक अनुसन्धान (Action research) सञ्चालन
   - क. प्रअको कार्यसम्पादन सुधारका लागि कुनै एउटा विषय क्षेत्रमा विद्वान (Kurth Lewis) द्वारा प्रतिपादित निम्न लिखित चक्र अनुसरण गरी कार्यमूलक अनुसन्धान सञ्चालन




   - ख. प्रतिवेदन लेखन

२. सम्बन्धित फिल्डको जीवन्त अनुभव अध्ययन (Internship)
   - क. सम्भव भएसम्म नजिकमा रहेका एउटा सामुदायिक र एउटा संस्थागत वा दुईओटै सामुदायिक माविको कम्तिमा ५ दिनसम्म स्थलगत अध्ययन - भौतिक, शैक्षणिक, नेतृत्त्व तथा विद्यार्थी उपलब्धिको विस्तृत तथ्याङ्क विश्लेषण
   - ख. मौजुदा स्रोत साधन परिचालन र विद्यार्थीको नतिजाबिच अन्तर सम्बन्ध

ग. अनुभव अध्ययनका आधारमा आफ्नो विद्यालयका लागि सान्दर्भिक सिकाइ सारांश

घ. आफ्नो विद्यालयबाट ती विद्यालयले सिक्न आवश्यक हुने अथवा हस्तान्तरणयोग्य सिकाइ सारांश

ङ. आफ्नो सहित तीनओटै विद्यालयका साझा तथा विशिष्ट समस्या र अवसर

च. सुधारका लागि प्रस्तावित साझा कार्यसूची

३. पाठ्यक्रम (स्थानीय समेत) र पाठ्यपुस्तक कार्यान्वयन (Curriculum implementation) व्यवस्थाको चित्रण

क. माध्यमिक तहको अनिवार्य विषयका पाठ्यक्रम तथा पाठ्यपुस्तकबिचको सम्बन्ध

ख. स्थानीय पाठ्यक्रम विकास र प्रयोग

ग. पाठ्यक्रम एवम् शिक्षण र विद्यार्थीको रूचिबिच तालमेल

घ. बहुभाषिक विद्यार्थीका लागि शिक्षण व्यवस्था

ङ. पाठ्यक्रम कार्यान्वयनका चुनौती र अवसर

च. सुधारका लागि प्रस्तावित कार्यसूची

४. बालमैत्री विद्यालय (Child-friendly school - CFS) सिद्धान्तको प्रयोगका लागि CFS Plan तर्जुमा

क. राष्ट्रिय प्रारूप, २०६७ द्वारा निर्धारित मापदण्ड अनुसार विद्यालयमा मौजुदा भौतिक पूर्वाधार लेखाजोखा

ख. बालमैत्री पठनपाठन सञ्चालनका लागि हालसम्म सम्पादित प्रयास सारांश

ग. अपेक्षा र वास्तविकताबिचको अन्तर

घ. अनुभव गरिएका समस्या र अवसर

ङ. बालमैत्री विद्यालयका मापदण्ड हासिल गर्न आगामी एक वर्षका लागि उद्देश्य, लक्ष्य, कार्यकलाप, कार्ययोजना, स्रोत व्यवस्था तथा अनुगमन संयन्त्र निर्माण

५. अतिरिक्त कार्यकलापको (Extra curricular activity) उपलब्धि लेखाजोखा

क. पाठ्यक्रम र शिक्षा नियमावलीद्वारा निर्धारित कार्यकलापको सूचीकरण

ख. अतिरिक्त कार्यकलापप्रतिको अपेक्षा र वास्तविकताबिचको तालमेल

ग. विद्यार्थीको रूचिमैत्री पठनपाठन व्यवस्था र अतिरिक्त कार्यकलापबिच अन्तरसम्बन्ध

घ. अनुभव गरिएका समस्या र अवसर

ङ. सुधारका लागि कार्ययोजना

६. विद्यार्थी व्यवस्थापनको (Student management) प्राथमिकता र प्रगति समीक्षा

क. सबै कक्षाका विद्यार्थीको आर्थिक, सामाजिक, पारिवारिक, साँस्कृतिक, भाषिक, धार्मिक तथा सिकाइ आवश्यकतागत पृष्ठभूमि

ख. विद्यार्थी आचारसंहिताको पालनको अवस्था

ग. विद्यालय - विद्यार्थी - अभिभावकबीचको मौजुदा सम्बन्ध

घ. विद्यालय सञ्चालन, पठनपाठन तथा विद्यालय विकास एवम् सामुदायिक सम्बन्ध सुदृढ गर्न विद्यार्थीबाट योगदान

ङ. विद्यालयले प्रदान गरेका विद्यार्थी मनोपरामर्श, शैक्षिक परामर्श तथा सिकाइ सहुलियत विवरण

च. अनुभव गरिएका समस्या र अवसर

छ. सुधारका लागि कार्ययोजना

## भर्चुअल कक्षा सञ्चालनको लागि थप विद्यालय छनोट

शैक्षिक जनशक्ति विकास केन्द्रको आर्थिक वर्ष २०७३/०७४ को स्वीकृत कार्यक्रम अनुरूप यस वर्ष थप ६५ ओटा विद्यालयहरूमा भर्चुअल कक्षा सञ्चालन गरिने भएको छ । उक्त विद्यालयहरूको जिल्लागत विवरण निम्न बमोजिम रहेको छ :

| क्र.सं. | जिल्ला | विद्यालयको नाम र ठेगाना |
|---|---|---|
| १ | पाँचथर | सिद्धेश्वरी मावि, एक्चेपा |
| २ | | ज्योति मावि, दोबाटे, अङसराङ |
| ३ | | कालिका मावि, साम्दिङ, फिदिम |
| ४ | संखुवासभा | सरस्वती मावि, हिटिटोल, चैनपुर |
| ५ | | सिंहेश्वरी मावि, माम्लिङ |
| ६ | | मंगलादेवी मावि, खाँदबारी |
| ७ | धनकुटा | राम मावि, रामबजार, लेगुवा |
| ८ | | कन्यादेवी मावि, खुकु |
| ९ | | सरस्वती मावि, ताङ्खुवा |
| १० | मोरङ | महेन्द्र मावि, बाउन्ने, डाँगीहाट |
| ११ | | आदर्श मावि, आदर्शटोल, रंगेली |
| १२ | | सरस्वती मावि, सफेवा, टाँडी |
| १३ | | बालकल्याण मावि, शनिश्चरे, कीर्तिपुर |
| १४ | महोत्तरी | नेरा जनता मावि, विष्णुपुर |
| १५ | | बलिराम मावि, संग्रामपुर, पोखरभिण्डा |
| १६ | | दुर्गा मावि, पथलैया, पशुपतिनगर |
| १७ | | कामीडाँडा मावि, माइस्थान, वर्दिबास |
| १८ | रौतहट | रंगपुर मावि, रंगपुर |
| १९ | | महेन्द्र मावि, रैयाटोल, पौराइ |
| २० | | संग्रामपुर मावि, संग्रामपुर |
| २१ | | जनता मावि, हरिराहा, डुमरिया परौहा |
| २२ | चितवन | महादेवत्तर मावि, पिप्ले |
| २३ | | खैरेनी मावि, बगौडा |
| २४ | | पञ्चकन्या मावि, रत्ननगर |
| २५ | | मोहन मावि, भरतपुर |
| २६ | ललितपुर | गुप्तेश्वर मावि, नल्लु |
| २७ | | सरस्वती मावि, शंखु |
| २८ | | गोठभञ्ज्याङ मावि, दलचोकी |
| २९ | तनहुँ | सहिद कृष्ण मावि, दुलेगौँडा |
| ३० | | शुक्ला मावि, काँहुसिवपुर |
| ३१ | | कर्मादा मावि, पुर्कोट |
| ३२ | पर्वत | जनसहयोगी मावि, शंखरपोखरी |
| ३३ | | सरस्वती मावि, बाजुङ |
| ३४ | | नवज्योति मावि, भुक |
| ३५ | पाल्पा | जनदीप मावि, मस्याम |
| ३६ | | थानीडाँडा मावि, दोभान |
| ३७ | | खानीगाउँ मावि, दोभान |
| ३८ | स्याङ्जा | सरस्वती मावि, स्याङ्जा बजार |
| ३९ | | कालीगण्डकी मावि, थुमपोखरा |
| ४० | दाङ | ज्ञानोदय मावि, पत्थरगढवा, सिसहनिया |
| ४१ | | बुद्ध मावि, शान्तिपुर |
| ४२ | | बगारबाबा मावि, रिहार, सतबरीया |
| ४३ | सल्यान | त्रिवेणी मावि, सरिकोट, फलावाङ |
| ४४ | | लस्तम मावि, बनेचौर थारमारे |
| ४५ | | शिशुकल्याण मावि, वाफुखोला |

| क्र.सं. | जिल्ला | विद्यालयको नाम र ठेगाना |
|---|---|---|
| ४६ | प्युठान | जनता मावि, चुँजा, लुक्का |
| ४७ | | खारा मावि, रजवरा, खारागाउँ |
| ४८ | | शारदा मावि, रसपुरकोट, चारपानी |
| ४९ | बाँके | जनसेवा मावि, पुरैनागिजारा |
| ५० | | दुर्गा भवानी मावि, शम्शेरगञ्ज |
| ५१ | | जनशक्ति मावि, बैजापुर |
| ५२ | | जनता मावि, मैतहवा, रझेना |
| ५३ | सुर्खेत | नेपाल राष्ट्रिय मावि, लोदे |
| ५४ | | प्रभात मावि, थानीचौर, छिन्चु |
| ५५ | | सामुदायिक मावि, सनिमोर |
| ५६ | कैलाली | पहलमानसिंह मावि, पहलमानपुर |
| ५७ | | नवजागृति मावि, चुहा |
| ५८ | | गुहेश्वरी मावि, अत्तरिया |
| ५९ | | राष्ट्रिय मावि, टिकापुर |
| ६० | डडेलधुरा | सीताराम मावि, कैलपालमाण्डौ, रेल |
| ६१ | | महादेव मावि, आलिताल, खिन्नेडाँडा |
| ६२ | | शिवपार्वती मावि, पर्शुराम कटाल |
| ६३ | डोटी | कुमालीकोट मावि, राजपुर, दिसिनपा |
| ६४ | | कालिका मावि, ढुङ्ग्री, डौड |
| ६५ | | दवस्थली मावि, फडेली, भूमीकरण |

## बिदाई कार्यक्रम

शैक्षिक जनशक्ति विकास केन्द्रमा करीब १९ वर्षसम्म कार्यरत रहि हालै रा.प. द्वितीय श्रेणीमा पदोन्नति हुनुभएका श्री सुमन बज्राचार्यको मिति २०७४ वैशाख ६ गते यस केन्द्रमा औपचारिक रूपमा बिदाइ कार्यक्रम गरियो । केन्द्रको अभिन्न सदस्य जस्तै भएर लामो समय यहाँ रहनु भएका श्री बज्राचार्यलाई बिदाइ तथा शुभकामना दिन आयोजित कार्यक्रममा तीनवटै महाशाखाको प्रतिनिधित्व हुनेगरी क्रमशः श्री दिवाकर चापागाई, श्री बोधकुमार खनाल र श्री रेनुका पाण्डे भुसालले उहाँको व्यक्तित्व, कार्यप्रतिको लगनशीलता र अनुशासनको खुलेर प्रसंशा गर्दै केन्द्रलाई आवश्यक परेको बखत अनवरत सहयोग गरिदिनु हुने समेत अपेक्षा गर्नुभएको थियो । कार्यक्रममा अध्यक्षता गर्नुभएका केन्द्रका कार्यकारी निर्देशक श्री देवकुमारी गुरागाईंले बिदाइ मन्तव्य दिदै सुमन मेडम शैक्षिक जनशक्ति विकास केन्द्रको अभिन्न अंगको रूपमा रहनु भएको र अब बढुवा भई नयाँ जिम्मेवारी सम्हाल्न नयाँ ठाउँमा जान लाग्नु भएकोमा खुशी लागेको भए तापनि यस केन्द्रमा भने सुमनजीको अभाव खड्कीरहने कुरा व्यक्त गर्नुभयो । उहाँले सुमनजी ICT को प्रशिक्षक समेत भएर काम गर्नु भएकोले यस केन्द्रलाई धेरै सहयोग पुगेको कुरा पनि स्मरण गर्दै उहाँको उज्वल भविष्य र प्रगतिको लागि केन्द्रका तर्फबाट र व्यक्तिगत रूपमा शुभकामना व्यक्त गर्नुभयो ।



*(बिदाईका क्रममा कार्यकारी निर्देशक उपहार प्रदान गर्दै र बिदाई कार्यक्रममा उपस्थित अन्य कर्मचारीहरू)*

उक्त कार्यक्रममा आफ्नो विदाइ मन्तव्यका क्रममा श्री बज्राचार्यले विदाइ कार्यक्रमको आयोजना गरेकोमा केन्द्रप्रति धन्यवाद र आभार प्रकट गर्नुभयो । लामो समयको यहाँको बसाइबाट बिदा भएर नयाँ ठाउँमा जान परेकोमा आफूलाई नरमाइलो अनुभूति भएको छ भन्दै आफूजहाँ रहे पनि यस कार्यालयले अझ राम्रोकाम गरेको सुन्न पाउँ भन्ने भावना पनि उहाँले व्यक्त गर्नुभयो । केन्द्रका प्रमुख तथा सबै साथीहरूले देखाउनु भएको माया तथा सद्भावप्रति धन्यवाद दिदै आश्यक परेको खण्डमा यस केन्द्रलाई सहयोग गर्न आफू सधै तयार रहने कुरा पनि उहाँले बताउनु भयो । करिब १ घण्टाको औपचारिक कार्यक्रम केन्द्रका उपनिर्देशक श्री सीता रेग्मीले सञ्चालन गर्नु भएको थियो । उक्त कार्यक्रममा केन्द्रका कार्यकारी प्रमुखले श्री सुमन बज्राचार्यलाई मायाको चिनो सहित दोसल्ला ओढाएर ससम्मान बिदाइ गर्नु भएको थियो भने केन्द्रका सबै कर्मचारीहरूले अविर र फूलको गुच्छा दिदै उहाँको नयाँ जिम्मेवारी सहित नयाँ कार्यस्थलमा सदा सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्नु भएको थियो ।

यस केन्द्रको इलेष्ट्रेटर अधिकृतको रूपमा लामो समय कार्य गर्नु भएका बज्राचार्यले वरिष्ठ छविकारको पद सम्हाल्ने गरी सूचना विभागमा पदस्थापन हुनु भएको छ ।

## भर्चुअल कक्षा सञ्चालन सम्बन्धी कार्यतालिका

प्रत्यक्ष शिक्षणको जेठ महिनाको लागि प्रसारण तालिका निम्न बमोजिम रहेको छ :

| क्र.सं. | मिति | समय र विषय | | |
|---|---|---|---|---|
| | | ११:००–११:३५ | ११:४५–१२:२० | १२:३०–१:०५ |
| | | गणित/नेपाली | विज्ञान/सामाजिक | अंग्रेजी/स्वाजवा |
| १ | जेठ ३ | समूहको धारणा | गुरूत्वाकर्षण, न्युटनको गुरूत्वाकर्षणको नियम, गणितीय समस्याहरू | Reading: A World Guide to Manners 1 |
| २ | जेठ ४ | जन्मभूमि : कथासार | मानव संसाधन विकास : परिचय, महत्त्व र आवश्यकता | स्वास्थ्य, जनसंख्या तथा वातावरणका विविध पक्षहरू |
| ३ | जेठ ५ | दुईओटा समूहको समस्या समाधान | सूत्र प्रमाणित, गुरूत्वबलको परिभाषा | Reading: A World Guide to Manners 2 |
| ४ | जेठ ७ | जन्मभूमिः सस्वर वाचन, शब्दार्थ शिक्षण र बुँदा टिपोट | मानव संसाधन विकास प्रक्रिया, नेपालमा यसको चुनौती र भावी दिशा | स्वास्थ्य, जनसंख्या तथा वातावरणका विविध पक्षहरूबिचको अन्तरसम्बन्ध |
| ५ | जेठ ८ | दुईओटा समूहको कठिन समस्या समाधान | गुरूत्वबल र गुरूत्व प्रवेग, प्वाँख र सिक्काको प्रयोग | Grammar: Asking for/giving/ withholding permission |
| ६ | जेठ ९ | जन्मभूमि : अभ्यासका क्रियाकलाप | अभ्यास र सामुदायिक कार्य | क्रियाकलाप अभ्यास |
| ७ | जेठ १० | तिनओटा समूहको समस्या समाधान | गुरूत्वप्रवेग | Listening (unit 1) |
| ८ | जेठ ११ | जन्मभूमि : ह्रस्व, धातु, निपात र विश्मयादिबोधक | मानव विकास सूचकांक र नेपाल | जनसांख्यिक तत्व प्रक्रिया र मापनको अवधारणा |
| ९ | जेठ १२ | तिनओटा समूहको कठिन समस्या समाधान | पिण्ड र तौलको परिभाषा एकाइ र नाप्ने तरिका | Reading (Mr. CP Mishara and Mrs. K Regmi) |
| १० | जेठ १४ | जन्मभूमि :कथा लेखन सिप | क्षेत्रीय विकासको अवधारणा र संघीयता | प्रजनन र उर्वरता, कोरा जन्मदर र सामान्य प्रजनन दर |

| | | | | |
|---|---|---|---|---|
| ११ | जेठ १६ | कर छुट, मूल्य अभिवृद्धि कर, अंकित मूल्यको अवधारणा, अंकित मूल्यबाट सुरू गरी SP with VAT निकाल्ने | स्वतन्त्र खसाइ, तौल विहीनता | Writing: Invitation card |
| १२ | जेठ १७ | सन्तुष्टि : विधा परिचय, कवि परिचय, लयबोध, भावबोध र प्रश्नोत्तर | प्रदेश १,२,३,४ (नक्सा, क्षेत्रफल, विशेषता, विकासका सम्भावना, जिल्लाहरू) | उमेर विशिष्ट प्रजनन दर र कुल प्रजनन दर |
| १३ | जेठ १८ | क्ए धष्तज VAT दिएर MP निकाल्ने | पास्कलको नियम, हाइड्रोलिक प्रेस परिभाषा र गणितीय समस्या | Reading:The debate 1 |
| १४ | जेठ १९ | सन्तुष्टि : शब्दार्थ, वाक्यमा प्रयोग र व्याख्या | प्रदेश ५,६,७ (नक्सा, क्षेत्रफल, विशेषता, विकासका सम्भावना, जिल्लाहरू) | कोरा मृत्युदर, उमेर विशिष्ट मृत्युदर |
| १५ | जेठ २१ | मुद्रा विनिमयः चेन रूलसँग सम्बन्धित समस्याहरू | तरलको घनत्व र उर्ध्वचाप, आर्किमिडिजको सिद्धान्त र प्रयोग | Reading:The debate 2 |
| १६ | जेठ २२ | सन्तुष्टि : भूतकाल, लिंग, वचन, पुरूष र आदरको आधारमा वाक्य परिवर्तन र लेख्य चिह्न | दिगो विकास | शिशु मृत्युदर, मातृ मृत्युदर |
| १७ | जेठ २३ | मुद्रा विनिमय : जटिल समस्या समाधान | प्लवनको सिद्धान्त, वायुमण्डलीय चाप | Grammar: Reporting statements |
| १८ | जेठ २४ | सन्दुक रूइत : विधा (जीवनी) परिचय र भावबोध | नेपालमा सञ्चालित विकास आयोजनाहरू | आन्तरिक बसाइ सराइ दर, बाह्य बसाइसराइ दर |
| १९ | जेठ २५ | साधारण र चक्रीय ब्याजः अवधारणा र सूत्र | ब्यारोमिटर, हावा दिने पम्प, सिरिञ्ज, पानी तान्ने पम्प | Listening (unit 2) |
| २० | जेठ २६ | सन्दुक रूइत : नमुना वाचन, शब्द उच्चारण, शब्दार्थ, वाक्य निर्माण र बोध अभ्यास | क्रियाकलाप, सामुदायिक कार्य | कुल बसाइ सराइ दर, खुद बसाइ सराइ दर |
| २१ | जेठ २८ | चक्रीय ब्याजसँग सम्बन्धित सामान्य समस्या समाधान | ऊर्जाको स्रोत र उपयोगिता, मूल स्रोत | Writing: Essay: our culture: our tradition |
| २२ | जेठ २९ | सन्दुक रूइत : बोध प्रश्न, संक्षिप्त उत्तर, व्याख्या र बुँदा टिपोट | विकासका पूर्वाधार : दक्ष जनशक्ति र रोजगार | जनसंख्याको प्राकतिक वृद्धिदर, जनसंख्या वृद्धिदर |
| २३ | जेठ ३० | चक्रीय ब्याजसँग सम्बन्धित जटिल समस्या समाधान | जल विद्युत, वैकल्पिक ऊर्जा, जैविक ऊर्जा, न्युक्लियर ऊर्जा | Reading: The ant and the Grasshopper 1 |
| २४ | जेठ ३१ | सन्दुक रूइत : भाषा तत्व (क्रियायोगी, नामयोगी र संयोजक) | समकालीन विकास लक्ष्य र नेपाल | जनसंख्या दोब्बर हुन लाग्ने समय, आश्रित अनुपात र लैंगिक अनुपात |

शिक्षणका यी भिडियोहरू युट्युबमा www.youtube.com/ncedvirtualschool र फेसबुक पेज www.facebook.com/ncedvirtual मा समेत हेर्न सकिने व्यवस्था गरिएको छ ।

## भर्चुअल कक्षा सञ्चालन सम्बन्धी जानकारी




**शैक्षिक जनशक्ति विकास केन्द्र**
सानोठिमी, भक्तपुर ।
फोन नं. ०१-६६३८१५२, ०१-६६३१२८७, ०१-६६३१३७२, ०१-६६३०७६६, ०१-६६३८१५०, ०१-६६३०४६५
फ्याक्स : ०१-६६३०१९३, ०१-६६३१४८६
इमेल : nced@nced.gov.np, info@nced.gov.np
वेभसाइट : www.nced.gov.np